"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर नगर"

# भद्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

राजस्व प्र.शाखा २०८१।८२

# कवाडी करको दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१।०५।१४)

भद्रपुर नगरपालिकाको आ.ब. २०८१/८२ का आन्तरिक आय संकलनको कवाडी करको ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले सम्वन्धित सबैको जानकारीको लागि तपशिल अनुसारका शर्तहरू उल्लेख गरी १५ (पन्ध्र) दिने बोलपत्र सूचना प्रकाशित गरीएको छ ।

## तपसिल

| ठे.नं. | विवरण | ठेक्का अवधि | न्यूनतम ठेक्का अंक रु. (मूल्य अभिबृद्धि कर वाहेक) | दरभाउपत्र फाराम दस्तुर | दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मिति, समय | दरभाउपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | कवाडी कर | आ.व. २०८१।८२ १ (एक)बर्षको लागी | १०,००,०००।०० | १,०००।- | १५ औ दिन सम्म २०८१।०५।२८ गते कार्यालय समयसम्म | २०८१।०५।३० गते १.०० बजेसम्म | २०८१।०५।३० गते २.०० बजे पछि |

**शर्तहरु :**

१) दरभाउपत्र फाराममा उल्लेखित कबोल ठेक्का अंकको ५% धरौटी रकम यस कार्यालयको नाउँमा खुलेको रा.वा.बैंक भद्रपुर स्थित च.हि.नं.२२१०१००३०३००००००३ (ग-३) धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा (क) बर्गको बाणिज्य बैकबाट यस कार्यालयको नाउमा जारी भएको १२० दिन म्याद भएको बैंक जमानत पत्रको सक्कल पत्र टेन्डर फारम साथ संलग्न हुनुपर्नेछ ।

२) इच्छुक फर्म वा कम्पनीले दरभाउपत्र फाराम खरिद गर्दा अद्यावधिक फर्म नविकरणको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी साथै लिखित निवेदन दिई तोकिएको समयभित्र खरिद गर्न सकिनेछ ।

३) दरभाउपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४) दरभाउपत्र खोल्ने काम समाप्त भएपछि दरभाउपत्र कबोल गर्ने पहिलो, दोश्रो र तेस्रो तीन जनाले राखेको धरौटी रोक्का राखि अरुको हकमा फिर्ता दिने र दरभाउपत्र स्वीकृत भैसकेपछि दरभाउपत्र कबोल गर्ने पहिलो व्यक्तिको नाममा कबुलियत गर्न ७ (सात) दिने सूचना यस न.पा.बाट पठाईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कार्यालय प्रमुखः ०२३–५२०७८१, नगर प्रमुखः ५२०१४८, नगर उप–प्रमुखः ५२००९५, Fax: 00977-23-520781
४ नं. वडा समितिको कार्यालयः [illegible], ५ नं. वडा समितिको कार्यालयः [illegible], ६ नं. वडा समितिको कार्यालयः ५२४२९०
७ नं. वडा समितिको कार्यालयः ४५३९२७, ८ नं. वडा समितिको कार्यालयः ५२३१३८, ९ नं. वडा समितिको कार्यालयः ४५२३५९
१० नं. वडा समितिको कार्यालयः ४५२०८२
Website: www.bhadrapurmun.gov.np E-mail: info@bhadrapurmun.gov.np

F:\Taxdepartment\Thekka sambandhi\tender notice\ठेक्का सुचना २०८१।८२.doc

" बालबालिका सबैका प्यारा, बालमैत्री नगर हाम्रो अभिभारा "

सो सुचना बुझि लिएको वा निजको घर दैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्रमा उपस्थित भै ठेक्का सम्झौता गर्न नआएमा वा आए पनि ठेक्का सम्झौता गर्न मञ्जुर नगरेमा निजले राखेको धरौटी जफत गरि सो पछिको दोस्रो, तेस्रो दरभाउपत्र कबोल गर्ने व्यक्तिलाई निजहरुको दरभाउपत्र अंक उपयुक्त ठहरेमा न.पा.ले क्रमशः नियमानुसार ठेक्का बस्तोबस्त गर्न सक्नेछ । निजहरुले पनि सूचना म्याद भित्र उपस्थित नभएमा वा उपस्थित भै सम्झौता गर्न मञ्जुर नगरेमा निजहरुले राखेको धरौटी जफत गरि कार्यालयबाट अर्को वैकल्पिक व्यवस्था अपनाई पुनः ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

५) ठेक्का वापत एकमुष्ट रकम नगदै कार्यालयमा दाखिला गरेमा स्वीकृत ठेक्का अंक रकममा १०% प्रतिशत सम्मको रकम छुट दिन सकिनेछ । सो छुट सुबिधा यसै सूचनाको सि.न. ४ मा उल्लेख भए बमोजिम न.पा.का.ले तोकि दिएको ठेक्का सम्झौता गर्ने समय, म्याद भित्र एक मुष्ठ रकम नगदै कार्यालयमा दाखिला गरि ठेक्का सम्झौता गरेमा मात्र दिइनेछ । किस्ताबन्दी रुपमा रकम बुझाउनेको हकमा ठेकेदार आफुले कबोल गरेको कुल ठेक्का अंकको ३ (तिन) किस्तामा बुझाउनु पर्नेछ । पहिला किस्ता वापत कवोल गरेको रकमको ३५ प्रतिशत सम्झौताको समयमा दाखिला गर्नुछ भने दोस्रो ३५ प्रतिशत रकम, तेस्रो तथा अन्तिम ३० प्रतिशत क्रमश मंसिर मसान्त फाल्गुन मसान्त सम्म चुक्ता गरि सक्नु पर्नेछ । बोलपत्रदाताले कवोल गरेको रकमको दोश्रो र तेश्रो किस्ता बरावरको रकम २०८२ श्रावण ३२ गते सम्म मान्य अवधि रहेको नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त (क) बर्गको वित्तिय संस्थावाट जारि भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । तोकिएको किस्ता म्यादभित्र नबुझाएमा पालिकाको तर्फबाट ठेक्का तोडि बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानूनी प्रकृया अपनाईनेछ । असुल गर्न बाँकी रकममा वार्षिक १० प्रतिशत थप जरिवाना समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ र त्यस्तो फर्मलाई २ वर्षको लागि कालो सूचीमा राखिनेछ ।

६) ठेकेदारसँग ठेक्का सम्झौता गर्दा एकमुष्ठ रकम बुझाउने हकमा सम्पुर्ण रकम दाखिला गरि सकेपछि र किस्ता बन्दी बुझाउनेको हकमा कुल ठेक्का अंक रकमको ३५ प्रतिशत रकम नगद अग्रिम रुपमा कार्यालयमा धरौटी जम्मा गरी वाकि किस्ता वरावरको रकम यस कार्यालयको नाउँमा खिचिएको मिति २०८२ श्रावण ३२ गते सम्मको बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) पत्र यस कार्यालयमा दाखिला गरी ठेक्का सम्झौता गर्नु पर्नेछ । कार्यालयले दिएको समयसम्म बैंक ग्यारेन्टी सहित सम्झौता गर्न नआएमा शर्त नं. ४ अनुसार क्रमशः दोस्रो र तेस्रो कवोल अंकलाई उपयुक्त ठहरेमा ठेक्का सम्झौताका लागी आमन्त्रण गर्न सकिनेछ ।

७) दरभाउपत्रदाताले कबोल अंक उल्लेख गर्दा बार्षिक अवधिको साथै सोमा लाग्ने मुल्य अभिबृद्धि कर समेत समावेश गरि उल्लेख गर्नु गर्छ । ठेक्का सम्झौता गर्दा बखत मुल्य अभिबृद्धि कर पुरै दाखिला गर्नु पर्नेछ ।

८) नेपाल सरकार वा नगरपालिकाले समय समयमा दिइएका नीति निर्देशन वा आदेशहरुको अक्षरशः पालना ठेकेदारले गर्नु पर्नेछ ।

९) कर, दस्तुर, शुल्क उठाउन प्रयोग हुने रसिदहरु छुट्टा छुट्टै ठेक्काका लागि अलग अलग रुपमा २ (दुइ) प्रति भएको रसिद ठेकेदार आफैले आफ्नै खर्चबाट छपाई सोमा कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई सोको अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क

प्रमुख प्रशासकीय अधिकृत



कार्यालय प्रमुखः ०२३–५२०७८१, नगर प्रमुखः ५२०१४८, नगर उप–प्रमुखः ५२००९५, Fax: 00977-23-520781

४ नं. वडा समितिको कार्यालयः ५५०८९२, ५ नं. वडा समितिको कार्यालयः ५२२१५५, ६ नं. वडा समितिको कार्यालयः ५२४२९०

७ नं. वडा समितिको कार्यालयः ४५३९२७, ८ नं. वडा समितिको कार्यालयः ५२३१३८, ९ नं. वडा समितिको कार्यालयः ४५२३५९

१० नं. वडा समितिको कार्यालयः ४५२०८२

Website: www.bhadrapurmun.gov.np E-mail: info@bhadrapurmun.gov.np

उठाउन प्रयोगमा ल्याउनु पर्नेछ । यदि सो प्रकृया पुरा नगरी प्रयोगमा ल्याइएको रसिद फेला परेमा न.पा.द्वारा नियमानुसार जरिवाना गर्न सकिनेछ ।

१०) ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिती सृजना भएमा वा कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

११) बोलपत्रदाताले खामको बाहिर आफूले लिन चाहेको ठेक्काको नाम, नं. र बोलपत्रदाताको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

१२) ठेक्का अवधी सम्झौता भएको मिति देखि २०८२ आषाढ मसान्त सम्म हुनेछ ।

१३) दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन बिदा पर्न गएमा उक्त कार्य सोको भोलीपल्ट वा लगतै कार्यालय खुलेको दिन र समय कायम हुनेछ ।

१४) नगरपालिकाले तोकेको कर संकलन केन्द्र बाहेक अन्य ठाउँमा कर संकलन गर्न पाइने छैन ।

१५) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१६) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्र माथि कार्वाही हुने छैन ।

१७) प्रचलित कानून बमोजिम बुझाउनु पर्ने सम्पुर्ण कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले आफ्नै खर्चवाट बेहोर्ने गरी सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

१८) ठेक्का संचालन गर्दा आवश्यक पर्ने कर्मचारी, रसिद, बिजुली, टेलिफोन आदिको व्यवस्था ठेकेदार आफैले गर्नु पर्नेछ ।

१९) नगर कार्यपालिकाको कार्यालयले तोकी दिए भन्दा बढी कर दस्तुर उठाएमा वा तोकिएका भन्दा बाहेकका वस्तुहरुमा कर दस्तुर उठाएमा नगरपालिकाले त्यसरी उठाएको कर दस्तुर ठेकेदारबाट फिर्ता गर्न लगाई निजलाई कार्यालयको निर्णयानुसार जरिवाना लगाइने छ ।

२०) ठेकेदारले असुल गर्ने सेवा शुल्कको दर रेट सूची सर्वसाधारणले देख्ने गरी अनिवार्य रुपमा राख्नु पर्नेछ

२१) माथिका ठेक्का संचालन गर्दा ठेक्का अवधि भित्र विशेष परिस्थिती वा काबु वाहिरको परिस्थिती , महामारी, दैविक, हुलदुङ्गा,आतङक अथवा कानुन अनुसार व्यवस्था भएको असामान्य परिस्थिती बाहेक कुनै किसिमको कारण देखाई मिन्हा पाँउ भनि निवेदन दिएमा नगरपालिकाले ठेक्का अंक मिन्हा दिईने छैन ।

२२) ठेकेदार फर्म, व्यक्ति वा संघ संस्थाले नगरपालिकालाई कुनै पनि पेश्कि, वाकि बक्यौता , कर दस्तुर तिर्न बुझाउन बाकि भई वक्यौता देखिएमा त्यस्तो ठेकेदार फर्म, व्यक्ति वा संघ संस्थाले पेश गरेको बोलपत्र स्वीकृत गरिने छैन ।

२३) माथि उल्लेखित शर्तहरु बाहेक अन्यको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारण हुनेछ ।

२४) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयको राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन वा यस नगरपालिकाको Website www.bhadrapurmun.gov.np हेर्न सकिनेछ ।

..........................

(प्रमुख प्रशासकिय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत